# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

## प्रधान कार्यालय

(मानव संसाधन विभाग)

भद्रकाली प्लाजा
काठमाडौं, नेपाल।

पत्र सङ्ख्या:- २०८२/०८३
चलानी नं.:-

मितिः- २०८३।३।५

### सूचना।

विषयः सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी हुन आवेदन दिने सम्बन्धमा।

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृतहरु (कम्पनीको हकमा सहविभागीय प्रबन्धक, तह ९ र सहायक विभागीय प्रबन्धक, तह ८) का लागि ACMA ( Advanced Course on Management and Development) र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृतहरु (कम्पनीको हकमा वरिष्ठ अधिकृत, तह ७ र अधिकृत, तह ६) का लागि PCMD (Professional Course on Management and Development) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्न लागेको जानकारी प्राप्त भएकाले राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको तह तथा पदका लागि २०८३ असार मसान्तसम्म २ वर्ष सेवा अवधि पूरा भएका/पुग्ने र राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको हकमा २०८३ असार मसान्तसम्म ३ वर्ष सेवा अवधि पूरा भएका/पुग्ने कर्मचारीहरुले उक्त ACMA र PCMD सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागिताका लागि आवेदन दिन सक्ने हुनाले इच्छुक कर्मचारीहरुले मिति २०८३।०३।१५ गतेसम्म आवेदन दिन स्वीकृतिका लागि मानव संसाधन विभाग कर्मचारी प्रशासन शाखामा निवेदन पेश गर्नुहुन र स्वीकृति प्राप्त भएपश्चात नेपाल प्रशिक्षण प्रतिठानले उपलब्ध गराएको Google Form Link मार्फत आफ्नो नाम Register गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

विभागीय प्रबन्धक
मानव संसाधन विभाग



CamScanner

नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
Nepal Administrative Staff College
*"...devoted to making differences positively."*

प.सं. ३६ – PSTD/CIsT
च.नं. ७८२/०८२/८३

मिति:२०८३/०२/२९

श्री मन्त्रालय र मातहतका निकायहरू सबै,
श्री संवैधानिक आयोगहरू सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरू सबै,
श्री सुरक्षा निकायहरू सबै,
श्री सार्वजनिक संस्थान तथा संगठित संस्थाहरू सबै ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी आह्वान सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृत**हरूका लागि Advanced Course on Management and Development (ACMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरूप ACMD प्रशिक्षण कार्यक्रममा अधिकृत द्वितीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएका स्थायी कर्मचारीहरूबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ । आवेदनका लागि आवश्यक कागजातहरू सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरू :**

- राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका अधिकृत पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि सचिव वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति |
|---|---|
| ACMD 1 | २०८३/०४/०७ देखि ४० कार्यदिने |
| ACMD 2 | २०८३/०४/१३ देखि ४० कार्यदिने |
| सम्पर्क : श्री विशाल आचार्य, ९८६०९७४८२२ | https://forms.gle/Nn7ppWqeCHQqM2q89 (Scan to Register) |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था :**

- राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०८३ असार मसान्तसम्म न्यूनतम २ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
- हालको तह/श्रेणीमा यस प्रतिष्ठानबाट ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन् ।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ । प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरूमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन् । कुनै एक मितिमा संचालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमशः लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ । कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ । यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ ।
- तालिकामा उल्लेख भए बमोजिमको कुन प्रशिक्षण समूहमा सहभागी हुने भन्ने आवेदन दिंदा छनौट गरिएको प्रशिक्षण समूह अन्तिम हुनेछैन र सो को निर्णय प्रतिष्ठानले गर्ने छ ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ । प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन ।
- प्रारम्भिक सूचि र अन्तिम सूचि प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ ।
- प्रशिक्षण कार्यक्रमसँग सम्वन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ ।

**प्रशिक्षण कार्यक्रम सम्बन्धि जानकारी :**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ असार २० गतेसम्म
- प्रारम्भिक सूचि प्रकाशन मिति : २०८३ असार २५ गते
- अन्तिम सूचि प्रकाशन मिति : २०८३ असार ३१ गते

.................................
विशाल आचार्य
अध्ययन उपनिर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

CamScanner

# नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
# Nepal Administrative Staff College

*"...devoted to making differences positively."*

प.सं. ३६ – PSTD/CIsT

च.नं. ७८२/०८२/८३

मिति:२०८३/०२/२९

श्री मन्त्रालय र मातहतका निकायहरू सबै,
श्री संवैधानिक आयोगहरू सबै,
श्री प्रदेश सरकार र मातहतका निकायहरू सबै,
श्री सुरक्षा निकायहरू सबै,
श्री सार्वजनिक संस्थान तथा संगठित संस्थाहरू सबै ।

**विषय : सेवाकालीन प्रशिक्षण कार्यक्रममा सहभागी आह्वान सम्बन्धमा ।**

नेपाल सरकार र सार्वजनिक निकायहरुमा कार्यरत अधिकृतहरुको क्षमता विकास गर्ने उद्देश्यका साथ यस प्रतिष्ठानले **राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृत**हरूका लागि Professional Course on Management and Development (PCMD) सेवाकालीन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । आ.व. २०८३/८४ को वार्षिक कार्यतालिका अनुरूप PCMD प्रशिक्षण कार्यक्रममा अधिकृत तृतीय श्रेणी वा सो सरहको पदमा कार्यरत रही २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएका कर्मचारीहरूबाट सहभागिताका लागि खुल्ला आवेदन आह्वान गरिएको छ । आवेदनका लागि आवश्यक कागजातहरू सहित तल दिइएको Google Form Link मार्फत register गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरू:**

- राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहका अधिकृत पदमा नियुक्त भएको नियुक्ति पत्र
- प्रशिक्षणमा सहभागिताको आवेदनका लागि सचिव वा अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराइएको पत्र

| कार्यक्रम | कार्यक्रम मिति |
|---|---|
| PCMD 1 | २०८३/०४/०७ देखि ३२ कार्यदिने |
| PCMD 2 | २०८३/०४/०७ देखि ३२ कार्यदिने |
| PCMD 3 | २०८३/०४/११ देखि ३२ कार्यदिने |
| PCMD 4 | २०८३/०४/११ देखि ३२ कार्यदिने |
| सम्पर्क : श्री सौरभ कोइराला, ९८४६४५४४१४<br>श्री सूर्य प्रकाश बराल, ९८६६८०४७६० | https://forms.gle/UYkhxSGSTmQTxedR6<br>(Scan to Register) |

**प्रशिक्षण कार्यक्रममा मनोनयनका आधारहरु र सम्बन्धित व्यवस्था:**

- राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारीको हकमा हालको तह/श्रेणीमा २०८३ असार मसान्तसम्म न्यूनतम ३ वर्ष सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।
- हालको तह/श्रेणीमा यस प्रतिष्ठानबाट ३० कार्यदिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिम लिईसकेका कर्मचारीहरु सहभागिताका लागि योग्य हुने छैनन् ।
- प्रशिक्षार्थी छनौटको लागि सेवासमूह अनुसारको कोटा निर्धारण गरिएको छ । प्रशिक्षणका लागि प्रारम्भिक सूची तयार गर्दा तोकिएको समयसीमा भित्र आवेदन पेश गर्नेहरूमध्ये सम्बन्धित सेवा समूहभित्रको वरिष्ठतालाई आधार मानिनेछ ।
- प्रति प्रशिक्षण समूहमा २५ जना प्रशिक्षार्थी रहनेछन् । कुनै एक मितिमा संचालन हुने प्रशिक्षणमा मागभन्दा बढी योग्य प्रशिक्षार्थीहरू भएमा क्रमश: लगत्तैको प्रशिक्षणमा व्यवस्थापन गरिनेछ । कुनै प्रशिक्षण समूहमा तोकिएको संख्यामा योग्य प्रशिक्षार्थी नपुगेमा अर्को समूहबाट स्थानान्तरण गरिने छ । यसरी स्थानान्तरण गर्दा पनि अपुग भएमा प्रतिक्षा सूचीबाट वरिष्ठताको आधारमा समावेश गरिने छ ।
- तालिकामा उल्लेख भए बमोजिमको कुन प्रशिक्षण समूहमा सहभागी हुने भन्ने आवेदन दिँदा छनौट गरिएको प्रशिक्षण समूह अन्तिम हुनेछैन र सो को निर्णय प्रतिष्ठानले गर्ने छ ।
- प्रशिक्षण अवधिको लागि काज स्वीकृत गराउने दायित्व प्रशिक्षार्थीको हुनेछ । प्रशिक्षार्थीको दैनिक तथा भ्रमण भत्ता प्रतिष्ठानले व्यहोर्ने छैन ।
- प्रारम्भिक सूचि र अन्तिम सूचि प्रतिष्ठानको website मार्फत प्रकाशन गरी जानकारी गराइनेछ ।
- प्रशिक्षण कार्यक्रमसँग सम्वन्धित अन्तिम निर्णय प्रतिष्ठानको हुनेछ ।

**प्रशिक्षण कार्यक्रम सम्वन्धि जानकारी:**

- आवेदन फाराम भर्ने अन्तिम मिति : २०८३ असार २० गतेसम्म
- प्रारम्भिक सूचि प्रकाशन मिति : २०८३ असार २५ गते
- अन्तिम सूचि प्रकाशन मिति : २०८३ असार ३१ गते

.................................
विशाल आचार्य
अध्ययन उपनिर्देशक

जावलाखेल, ललितपुर, नेपाल, पो.ब.नं.: २१५२, फोन नं.: ५५२२००२, ५५२२१६०, ५५२३५१४, ५५२३५१७, फ्याक्स: ५५२४९०६
Jawalakhel, Lalitpur, Nepal, P.O.Box: 2152, Ph. No.: 5522002, 5522160, 5523514, 5523517, Fax: 5524906
: Hello Nepal Administrative Staff College, Audio Notice Board No.: 1618-01-5522002,
E-mail: info@nasc.org.np, URL: www.nasc.org.np

CamScanner